# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हेकुली, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय हेकुली दाङले स्थानीय सरकार संचालन ऐन, २०७४, यस गाउँपालिकाको २०७९/०३/१० गतेको दोस्रो गाउँ सभाको प्रथम अधिवेशनबाट पारित दररेटमा तपसिलमा उल्लेखित आय शिर्षकमा न्यूनतम ठेक्का अंक नघटने गरी आ. ब. २०७९/०८० का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक कानून बमोजिम योग्य फर्म, कम्पनी तथा संस्थाहरुका लागि १५ दिने म्याद राखि दरभाउपत्र आव्हान गरिएको छ ।

दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०७९/०६/१३

| सि.न. | कर विषय (शिर्षक) | कार्यालयको न्युनतम अंक (रू.) | दरभाउ पत्र फाराम दस्तुर (रू.) | ठेक्का अवधि | खरिद तथा दाखिला गर्ने म्याद |
|---|---|---|---|---|---|
| आय ठेक्का नं. ०१/DRM/SQ /०७९/०८० | जडिवुटी,कवाडी माल,जिवीत जीवजन्तु निकासी कर र मृत जीवजन्तु बाट उत्सर्जित वस्तुको पुनःउपयोग वा नगर निकासी गरी व्यावसायिक उपयोग गरे वापत जडिवुटी, कवाडी तथा जीवजन्तु कर | रु.३०,०००/- (अक्षरूपी तीस हजार) (मू.अ.कर बाहेक) | १,०००/- (फिर्ता नहुने गरी) | २०८० असार मसान्त | १५ दिन |

शुल्क लिने दररेटः- दंगीशरण गाउँपालिकाको आर्थिक ऐन,२०७९ अनुसार

प्रमुख प्रशासकीय अधिकृत

गौरीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
हैकुली, दाङ

## आवश्यक कागजात तथा शर्तहरुः

१.आ.व.०७८/०७९ सम्मको लागि नविकरण भएको फर्म, संस्था वा कम्पनीको इजाजतपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व.०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै अन्य आवश्यक कागजातको प्रतिलिपीका साथ दरभाउपत्र फाराम पेश गर्नुपर्ने छ।

२. दरभाउपत्रदाताहरुले उपयुक्त ठेक्काहरूको दरभाउपत्र खरीद गरी पेश गर्नु पर्नेछ । खरिद भएको दरभाउपत्रहरुको प्रत्येक पानामा सहीछाप गरी फर्मको नाम, ठेगाना, ठेक्काको नाम र नम्वर लेखी पेश गर्नुपर्ने छ ।

३. दरभाउपत्र सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र दरभाउपत्र दस्तुर दंगीशरण गाउँपालिकाको राजस्व शाखामा बुझाएको रसिद प्रमाण वा दंगीशरण गाउँपालिकाको नाममा नेपाल कमर्श एण्ड क्रेडिट बैंकमा रहेको ग-१-१ आन्तरिक राजश्व खाता नं ११४०००००५५२०१ मा जम्मा गरेको सक्कल भौचर पेश गरी कार्यालयबाट दरभाउपत्र खरिद गरी १६औ दिनको १२:०० बजेभित्र रित पुर्वकको दरभाउपत्र पेश गर्नुपर्नेछ।

४.दरभाउपत्रदाताहरुले धरौटी वापतको कबोल गरेको अंकको (मूल्य अभिवृद्धि कर बाहेक) ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको दंगीशरण शाखामा रहेको नेपाल कमर्श एण्ड क्रेडिट बैंकको ग-३-धरौटी खाता-दंगीशरण आर एम को खाता नं ११४००००१६३०१ मा जम्मा गरेको सक्कल बैक भौचर वा ९० दिनसम्म मान्य अवधि भएको बैकले जारी गरिएको सक्कल जमानतपत्र पेश गर्नुपर्ने छ ।

५. रितपुर्वक पेश हुन आएका दरभाउपत्रहरु १६औं दिन, दिनको २:०० वजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरू एवं दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खेलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्रहरु खोल्न बाधा पर्नै छैन।

६. दरभाउपत्र खरिद गर्ने, दखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै सो को भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ।

७.दरभाउपत्रमा निर्धारित न्यूनतम अंक नघटने गरी आफुले कवोल अंकको (मूल्य अभिवृद्धि कर बाहेक) ठेक्का रकम स्पष्ट वुझिने गरी अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

८. म्याद नाघि आएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन।

९.दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित ठेक्काको मु. अ. कर बाहेक ठेक्का अंकको रकम यस कार्यालयमा र कवोल अंकको १३ प्रतिशतले हुन आउने मू. अ. कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आय कर रकम आन्तरिक राजश्व कार्यालयमा दाखिल भएको प्रमाण सहित कबोल अंकको शत प्रतिशतले हुन आउने रकम यस कार्यालयको दंगीशरण शाखामा रहेको नेपाल कमर्श एण्ड क्रेडिट बैंकको आन्तरिक राजश्व खाता नं ११४०००००५५२०१ मा दाखिला गरी सम्झौता हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

१०.ठेक्का कबोल गर्ने ठेकेदारले गाउँपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरू आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसिदहरू यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा ,नक्कली रसिद,छाप र दस्खत प्रयोग गरेको पाइएमा पहिलो पटक रू.५००० । पुन दोहोरिएमा पटकै पिच्छे रू.१०,००० । जरिवाना र धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

११. कर असुल गर्ने स्थानमा निकासी करको दररेट राखी कर व्यवस्थापन गर्न सकिनेछ । राष्ट्रिय राजमार्ग वा सहायक मार्गहरूमा घाट राखी कर लिन पाइनेछैन ।

१२.प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ।

१३.तोकिएको न्यूनतम अंकमा बढाबढ गरी सवै भन्दा बढी अंक कवोल गरेको दरभाउपत्र दातालाई छनौट गरिनेछ।

१४.प्राप्त दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा सुरक्षीत रहने छ।

१५.पूर्ण विवरणको सुचना यस कार्यालयको सुचनापाटीमा टाँस गरिएको छ, विस्तृत जानाकारीका लागि कार्यालय समयमा यस कार्यालयको सम्पर्क नम्वर ९८४९७५६३०३ मा सम्पर्क राख्न सकिनेछ ।

१६. अन्य शर्त तथा वन्देज एवं शुल्क लिने दररेट सम्वन्धि विस्तृत विवरण दरभाउपत्र फारम साथ संग्लन रहनेछ।

१७.यस सुचनामा उल्लेख नभएको कुराको हकमा प्रचलित कानून बमेजिम हुनेछ ।

अमर बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत